# महाराजगन्ज नगरपालिका

## आर्थिक ऐन, २०७७

(नगर सभाबाट स्वीकृत मिति :- २०७७०३१८)

**महाराजगन्ज नगरपालिका**

कपिलवस्तु

प्रदेश नं ५, नेपाल

**महाराजगन्ज नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन २०७७**

प्रस्तावना:

महाराजगन्ज नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क तथा दस्तुर संकलन गर्न, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम महाराजगन्ज नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**
   (१)यस ऐनको नाम आर्थिक ऐन, २०७७ रहेको छ ।
   (२)यो ऐन २०७७ साल श्रावण १ गतेदेखि महाराजगन्ज नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **घरजग्गा कर:** नगरपालिका क्षेत्र भित्र अनुसूची (१) बमोजिम घरजग्गा कर लगाईने र असुल उपर गरिने छ ।

३. **भूमि कर (मालपोत):** नगरपालिकाको क्षेत्र भित्र अनुसूची (२) बमोजिम भूमिकर (मालपोत) लगाईने र असुल उपर गरिने छ ।

४. **घर जग्गा बहाल कर:** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो घर जग्गा वहालको बार्षिक १० प्रतिशतले हुने रकम अशुल उपर गरिनेछ ।

५. **व्यवसाय कर:** नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (३) वमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिने छ ।

६. **जडिवुटी, कवाडी र जीवजन्तु कर:** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिगं, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूची (४) बमोजिमको कर लगाईने र असूल उपर गरिने छ ।

७. **मनोरञ्जन कर :** नगरपालिकाको क्षेत्र भित्र मनोरञ्जन व्यवसाय, सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाईने र असूल उपर गरिने छ ।

८. **विज्ञापन कर :** नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम सम्बन्धित प्रदेश सरकारले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरि विभाज्य कोषमा जम्मा गरि राजस्व बाँडफाँड गरिनेछ ।

९. **सेवा शुल्क, दस्तुर :** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (६) मा उल्लेखित स्थानीय पुर्वाधार र उपलब्ध गराईएको सेवा तथा नगरपालिकामा दर्ता तथा नविकरण गर्नु पर्ने व्यवसायहरुमा सोहि अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क वा दस्तुर लगाईने र असूल उपर गरिने छ ।

१०. **कर छुट:** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनैपनि किसिमको कर छुट दिईने छैन ।

११. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि र विलम्ब शुल्क तथा जरिवाना नगर कार्यपालिकाले तोके अनुसार छ ।

१२. यस ऐन बमोजिम लगाइएका कर तथा दस्तुरहरु कार्तिक मसान्त भित्र बुझाउनु पर्ने छ ।

१३. दफा १२ बमोजिमको म्याद भित्र तोकिएको कर तथा दस्तुर जम्मा नगरेमा चालु आर्थिक बर्षको लागि दश प्रतिशत विलम्ब शुल्क समेत थप गरि असुल उपर गरिनेछ ।

१४. यस ऐनमा तोकिए बमोजिमको कर तथा दस्तुर चालु आर्थिक बर्ष भित्र नबुझाएमा प्रत्येक बर्षको २० प्रतिशतको दरले विलम्ब शुल्क थप गरि असुल उपर गरिनेछ ।

१५. चालु आर्थिक बर्षको कार्तिक मसान्त सम्म गत विगतको बाँकी बक्यौता सहित कर तथा दस्तुर बुझाउन आएमा विगतको विलम्ब शुल्क असुल उपर गरिने छैन ।

१६. यस ऐनमा उल्लेख नभएका कर, दस्तुर, शुल्क, जरीवानाको दररेट निर्धारण गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

## अनुसूची – १

## घरजग्गा करको दर

(दफा २ सँग सम्बन्धित)

| क्र.स. | घर टहराको वर्गीकरण | छाना / तला अनुसारको वर्गीकरण | बार्षिक कर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कच्ची / ढुँगाको गाह्रो (काचो माटोले जडान गरेको) | खर, टायल, ढुँगा, वा जस्ताको छाना भएको एक तला | ५०। | |
| २ | पक्कि घर / सिमेन्ट जोडाई गाह्रोवाला | सिमेन्ट ढलान छाना भएको एक तला | १५०। | |
| | | सिमेन्ट ढलान छाना भएको एक तला भन्दा बढी प्रत्येक तलाको लागि (जस्तोसुकै गाह्रो भएपनि) | ३००। | |

## अनुसूची – २

## भूमि कर (मालपोत) को कर

(दफा ३ सँग सम्बन्धित)

| जग्गाको प्रकार / मालपोत दर | अव्वल | दोयम | सीम | चाहार | खोरिया पाखा (पाचौं) |
|---|---|---|---|---|---|
| न्युनतम रु | १० | १० | १० | १० | १० |
| प्रातिकट्ठा रु. | ६ | ६ | ६ | ६ | ६ |

अनुसुचि – ३

## व्यवसाय करको दर

(दफा ५ सँग सम्बन्धित)

| सि.न. | शिर्षक नं. | व्यवसायहरु | व्यवसायको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | | ईटा भट्टा | | ५५००० | वार्षिक |
| २ | | सुर्ती जन्य | डिलर | ५५०० | वार्षिक |
| ३ | | मदिरा पसल | खुद्रा | २२०० | वार्षिक |
| ४ | | | थोक | ३३०० | वार्षिक |
| ५ | | गहना पसल | | १६५० | वार्षिक |
| ६ | | सि.डि.डि.भि.डि विकी पसल | | ११०० | वार्षिक |
| ७ | | साइवर,मोवाई, घडी पसल | | ११०० | वार्षिक |
| ८ | | पूस्तक पसल | | ११०० | वार्षिक |
| ९ | | पान पसल | | २२० | वार्षिक |
| १० | | इलेक्ट्रीक थोक पसल | | ३३०० | वार्षिक |
| ११ | | फर्निचर फर्निसिंग | | १६५० | वार्षिक |
| १२ | | काठ चिरान | सानो | १६५० | वार्षिक |
| १३ | | | ठूलो | ३३०० | वार्षिक |
| १४ | | रेडीमेट लूगा पसल | | १६५० | वार्षिक |
| १५ | | हाडवियर, भाडा पसल | | २७५० | वार्षिक |
| १६ | | विद्यूत सामाग्री पसल | | ११०० | वार्षिक |
| १७ | | सावारी साधन पार्टस, आटो मोवाइल | | ११०० | वार्षिक |
| १८ | | किराना, गिप्ट, कास्मेटिक पसल | | ११०० | वार्षिक |
| १९ | | रोडा वालूवा | | २२०० | वार्षिक |
| २० | | पेट्रोल, डिजेल पम्प | | ५५०० | वार्षिक |
| २१ | | औषधी पसल, भेटनेरी पसल | | ११०० | वार्षिक |
| २२ | | तरकारी मासू, फलफूल पसल | | ५५० | वार्षिक |
| २३ | | साईकल रिकसा मर्मत पसल | | २२० | वार्षिक |
| २४ | | दूध डेरी पसल | | ४४०० | वार्षिक |
| २५ | | विमा एजेन्ट | | ३३० | वार्षिक |
| २६ | | आइस किम उद्योग | | ११०० | वार्षिक |
| २७ | | पाउरोटी विस्कूट चाउमिन उद्योग | | ११०० | वार्षिक |
| २८ | | घरेलू उद्योग | | ११०० | वार्षिक |
| २९ | | खद्यान सेलर, दलहन, तेलहन उद्योग | | २२०० | वार्षिक |
| ३० | | सटिंग सूटिंग डाई क्लिनिंग | | ५५० | वार्षिक |
| ३१ | | फोटो स्टूडियो | | ५५० | वार्षिक |
| ३२ | | समान्य खाजा घर | | ८८० | वार्षिक |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३ | | मसला पसल खद्यान डिलर | | ११०० | वार्षिक |
| ३४ | | मर्मत पसल | | ५५० | वार्षिक |
| ३५ | | वणिज्य बैक को शाखा कार्यालय | | २२००० | वार्षिक |
| ३६ | | विकास बैक/शाखारएक्सटेन्सन | | ११००० | वार्षिक |
| ३७ | | लघुवित्तिय संस्था | | ७७०० | वार्षिक |
| ३८ | | सहकारी शाखा | | १६५० | वार्षिक |
| ३९ | | निजी क्याम्पस | | ११००० | वार्षिक |
| ४० | | निजी विद्यालय अधार भूत | | ५५०० | वार्षिक |
| ४१ | | निजी विद्यालय मा.वि. | | ११००० | वार्षिक |
| ४२ | | पेन्टिंग साईन वोर्ड | | ५५० | वार्षिक |
| ४३ | | केवल नेटवर्क डिसहोम | | ५५०० | वार्षिक |
| ४५ | | छापाखाना तथा प्रेश | | १६५० | वार्षिक |
| ४६ | | संस्कृतिक कार्यक्रम मेला र महोत्सव | प्रतिदिन | ५५० | |
| | | | | ५५० | वार्षिक |
| ४७ | | पोल्टी फर्म | | ११०० | वार्षिक |
| ४८ | | कम्पुयटर इन्सिच्यूट तथा भाषा प्रशिक्षण | | ३३० | वार्षिक |
| ४९ | | सैलून | | १३२० | वार्षिक |
| ५० | | राशायनिक मल विकेता र डिलर र सहकारी | | २२०० | वार्षिक |
| ५१ | | सप्लार्यस | | ११०० | वार्षिक |
| ५२ | | टेन्ट हाउस | | ५५०० | वार्षिक |
| ५३ | | प्लाष्टिक उद्योग | | १८०० | वार्षिक |
| ५४ | | कपडा पसल | | २००० | वार्षिक |
| ५५ | | प्रोविजन स्टोर | | १००० | वार्षिक |
| ५६ | | व्युटी पर्लर | | २५०० | वार्षिक |
| ५७ | | कलर ल्याब | | २५०० | वार्षिक |
| ५८ | | डाक्टर, वैद्य, वकिल, लेखा परिक्षक, परामर्शदाता, सर्वेयर, इन्जिनियरिगं, आदि व्यवसायमा | | १५०० | वार्षिक |
| ५९ | | मिठाई पसल | | १००० | वार्षिक |
| ६० | | फोटोकपी, कम्प्युटर, फ्याक्स, टेलिफोन सेवा, कुरियर सर्विस, साईवर सेवा | | १५०० | वार्षिक |
| ६१ | | पेन्टिगं व्यवसाय | | १५०० | वार्षिक |
| ६२ | | विधुत सामाग्री पसल | | ३००० | वार्षिक |
| ६३ | | गिट्टी ,वालुवा व्यवसाय,ढुगां आदि विक्री | | २०० | वार्षिक |
| ६४ | | माछा पालन प्रति कठ्ठा | | २५०० | वार्षिक |
| ६५ | | मोटर साईकल मर्मत पसल | | | |

नगर प्रमुख

अनुसुचि – ४

## जडिबुटी, कवाडी र जीवजन्तु करको दर

(दफा ६ सँग सम्बन्धित)

| क्र.स. | मालसामान | प्रति ईकाई | दर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | कवाडी समान | के.जी. | १।०० | |
| २ | खालि सिसी (मदिरा, वियर आदी) | वटा | ०।५० पैसा | |
| ३ | हाड खुर सिंग | के.जी. | १।०० | |
| ४ | छाला | के.जी. | १५।०० | |

अनुसुचि – ५

## विज्ञापन करको दर

(दफा ८ सँग सम्बन्धित)

| क्र.स. | मनोरन्जन सम्बन्धी मध्यम | इकाई | रु. |
|---|---|---|---|
| १ | सार्वजनिक स्थलमा होडिगं बोर्ड तथा प्रचार प्रशार | प्रति वर्ग फिट | ५०।०० |
| २ | निजी स्थलमा होडिगं बोर्ड तथा प्रचार प्रशार | प्रति वर्ग फिट | २५।०० |
| ३ | वाल पेन्टीगं | प्रति वर्ग फिट | १०।०० |
| ४ | माईकिगं गाडी वा रिक्साबाट | प्रति दिन | १००।०० |
| ५ | डिजिटल वोर्ड सार्वजनिक स्थलमा | प्रति वर्ग फिट | ५०।०० |
| ६ | | | |

अब्दुल कलाम
नगर प्रमुख

अनुसुचि – ६

# विभिन्न सेवामा लाग्ने शुल्क तथा दस्तुर दर

(दफा ९ सँग सम्बन्धित)

| क्र.स. | सेवाको प्रकार | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | निशुल्क | |
| २ | सिफारिस दस्तुर साधारण | १००/०० | |
| ३ | दर्ता नविकरण | ५००/०० | |
| ४ | घर नक्शापास | | निर्णय अनुसार |
| ५ | घरबाटो / चारकिल्ला प्रमाणित | ३००/०० | |
| ६ | धितो मुल्यांकन / सम्पत्ति मुल्यांकन प्रतिलाख | १००/०० | |
| ७ | मुद्दा सरहका निवेदनहरु | ५०/०० | |
| ८ | मिलापत्र | ५००/०० | दुबै पक्षबाट |
| ९ | नाता प्रमाणित | १५०/०० | |
| १० | नामसारी | ५००/०० | |
| ११ | सर्जमिन | ५००/०० | |
| १२ | निवेदन दस्तुर | १०/०० | |
| १३ | पंजीकरण प्रतिलिपि | १००/०० | |
| १४ | रुख कटान सिफारिस (प्रति रुख) | १००/०० | |
| १५ | प्रतिलिपि उतार | ५/०० | प्रति पेज |
| १६ | घटना दर्ता जरिवाना (३५ दिन पछीको) | ५०/०० | |
| १७ | कर चुक्ता सिफारिस | २००/०० | |
| १८ | नागरिकतामा भन्ने भनि नाम सच्याउन सिफारिस | ३००/०० | |
| १९ | विद्युत जडान नामसारी सिफारिस (घरायसी) | ३००/०० | |
| २० | विद्युत जडान नामसारी सिफारिस (व्यवसायिक) | ५००/०० | |
| २१ | संस्थागत विद्यालय कक्षा थप तथा अनुमति दस्तुर | १५००/०० | |
| २२ | सामुदायिक विद्यालयको कक्षा थप तथा अनुमति दस्तुर | ५००/०० | |
| २३ | रु.५०,००० सम्म तमसुक प्रमाणित दस्तुर | ३००/०० | |
| २४ | रु.५०,००० माथि रु.१ लाख सम्म तमसुक प्रमाणित ,, | ५००/०० | |
| २५ | रु.१ लाख माथि ५ लाख सम्म तमसुक प्रमाणित ,, | १०००/०० | |
| २६ | रु.५ लाख माथिको तमसुक प्रमाणित दस्तुर | १५००/०० | |
| | | | |

नगर प्रमुख